**पुस्तक** : पोलिटिकल कम्युनिकेसन : मिडिया, मेसेज एन्ड मिनिङ
**लेखक** : परशुराम खरेल
**प्रकाशक** : संगम इन्स्टिच्युट
**पृष्ठ** : २८७
**प्रकाशन मिति** : २०६८ साल (सन् २०१०)




नेपालमा सञ्चार क्षेत्रको प्राज्ञिक अभ्यास र अनुसन्धान नौलो नभए पनि त्यति धेरै अघि बढ्न सकेको छैन । सञ्चार, आमसञ्चार तथा पत्रकारिताजस्ता सामाजिक विज्ञानका विषयमा स्तरीय प्राज्ञिक अनुसन्धान हुन सकेको छैन । भएका प्राज्ञिक अनुसन्धानका प्रकाशन पनि अत्यन्तै न्यून छन् । यस्तो स्थितिमा पत्रकारिता तथा आमसञ्चारका प्राध्यापक पी खरेल (परशुराम खरेल) को *पोलिटिकल कम्युनिकेसन : मिडिया, मेसेज एन्ड मिनिङ* शीर्षकमा अंग्रेजी भाषामा पुस्तक प्रकाशन भएको छ ।

सञ्चार र पत्रकारिता क्षेत्रमा तीन दशक बिताइसकेका, *द राइजिङ नेपाल*को संवाददाता हुँदै प्रधान सम्पादकसम्मको जिम्मेवारी सम्हालेका, पत्रकारिताका प्राध्यापक खरेलले एक दर्जनभन्दा बढी पुस्तक लेखन तथा सम्पादन गरेका छन् । सयौँ लेख प्रकाशित गरेका र नेपाली आमसञ्चार तथा पत्रकारितामा आएका/भएका परिवर्तनका प्रत्यक्ष तथा अप्रत्यक्ष हिस्सेदारसमेत रहेका व्यक्तिको अनुभव मात्रै पनि ज्ञानवर्द्धक र महत्त्वपूर्ण हुने गर्छ । तर, यो पुस्तक अनुभवको सँगालो भने होइन । प्राध्यापक खरेलको गहिरो अध्ययन र अनुसन्धानको आधारमा सिद्धान्त, विधि तथा प्रयोगलाई विश्वव्यापी र नेपाली परिप्रेक्ष्यमा तुलना

गर्दै त्यसका मिहिन पक्षमाथि गरिएको विश्लेषणको परिणाम हो । नेपाली सञ्चारमा मूलतः राजनीतिक सञ्चारको परिप्रेक्ष्य बुझ्न र अध्ययन गर्न चाहनेहरूका लागि यो पुस्तक उपयोगी छ । साथै विषय, त्यससँग जोडिएका सैद्धान्तिक र व्यावहारिक पक्ष, विभिन्न कोणबाट गरिएको सटिक विश्लेषण र उदाहरणसहितको प्रस्तुतिले सञ्चार, आमसञ्चार तथा पत्रकारितामा यो पुस्तकले उत्कृष्ट र गहकिलो हैसियत राख्दछ ।

बाह्र अध्याय रहेको पुस्तकमा राजनीति र नागरिकबीचको सम्बन्धलाई केलाइएको छ । साथै, आमसञ्चारमाध्यमले विविध राजनीतिक परिवेशमा निर्वाह गर्न सक्ने भूमिकालाई पनि स्पष्ट पारिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा आमसञ्चारमाध्यमले नागरिक समाज र राजनीतिमा पारेको तथा पार्न सक्ने प्रभावको विश्लेषण पनि पुस्तकमा छ । पत्रकारिता र आमसञ्चारमाध्यमलाई पहरेदार तथा राज्यको चौथो अंगको संज्ञा दिइएको परिवेश र सन्दर्भलाई प्राध्यापक खरेलले प्रस्ट्याएका छन् । साथै सामयिक सामाजिक बहसमा हुने भूमिका केलाउँदै त्यसको सैद्धान्तिक व्याख्या, प्रयोगको अवस्था र प्रभावकारितालाई पनि सूक्ष्म ढंगले व्याख्या गरेका छन् । यस हिसाबले राजनीतिक सञ्चारको परिभाषा, सिद्धान्त, बहस र प्रभाव बुझ्न पुस्तक उपयोगी छ ।

'एन एन्सेन्ट पोलिटिकल टुल' (प्राचीन राजनीतिक साधन) शीर्षकको पहिलो अध्यायमा सञ्चारको प्राचीन युगदेखिको प्रयोगलाई राजनीतिसँग जोड्ने प्रयास गरिएको छ । मानव जाति, अक्षरको विकास, धार्मिक ग्रन्थ *महाभारत* हुँदै विभिन्न कालखण्डमा विश्वमा सञ्चारको प्रयोग र राजनीतिसँगको त्यसको सम्बन्ध र भूमिका लगायतका पक्षलाई विश्लेषण गरिएको छ । लेखकले संवादको थलो र लोकतन्त्रको साधनका रूपमा रहेको आमसञ्चारमाध्यमको विकासक्रमलाई मात्रै चर्चा गरेका छैनन्, प्रेस स्वतन्त्रताको सीमालाई पनि प्रस्ट्याएका छन् । प्रेस स्वतन्त्रताको हकलाई केन्द्रबिन्दुमा राख्दा आमसञ्चारमाध्यमले कहिलेकाहीँ तथ्यलाई नै गलत हिसाबले व्याख्या गर्छन् भन्ने चर्चा पनि लेखकले छुटाएका छैनन् । त्यसले कहिलकाहीँ अनावश्यक सन्देश प्रवाह हुन सक्ने औँल्याउदै खरेल लेख्छन् :

> समाचार संकलन गर्दा समाचारपत्रहरूले आफ्ना वरिपरि के भइरहेको छ भन्ने तथ्य संकलन गरेर तिनलाई पनि उपलब्ध सीमित स्थानमा अटाउनुपर्ने बाध्यता हुन्छ । त्यसले गर्दा समाचारहरूकै बीच महत्त्वपूर्ण स्थानका लागि प्रतिस्पर्धा हुन्छ । यस्तो प्रतिस्पर्धाले राजनीतिक सञ्चारकर्मीहरू मौका पाउने बित्तिकै राजनीतिक प्रभावका लागि आफ्नो उपस्थिति देखाउन खोज्छन् किनकि समाचार कहाँ छापियो भन्ने विषयले त्यस समाचारको

> प्रभावलाई फरक पार्ने गर्छ । त्यसैले पाठकहरू नियमित रूपमा राजनीतिक अभियानको पक्षपाती र कहिलेकाहीँ गलत कुरा नै समाचारका रूपमा पढ्ने गर्छन् (पृ २९-३०) ।

'कन्डिसन्स् फर बेटर पब्लिक डिबेट' (असल सार्वजनिक बहसका सर्त) शीर्षकको दोस्रो अध्यायमा सञ्चार र राजनीतिक सञ्चारमा प्रयोग हुने महत्त्वपूर्ण शब्दावलीलाई परिभाषित गर्दै ऐतिहासिक दृष्टिकोणका हिसाबले राजनीतिक सञ्चारलाई व्याख्या गरेका छन् । लेखकले साक्षरता, अर्थव्यवस्था र राज्यव्यवस्थालाई आधार बनाएर आमसञ्चार र राजनीतिबीचको सम्बन्धबारे चर्चा गरेका छन् । स्वतन्त्र आमसञ्चारमाथि राज्यले गर्ने नियन्त्रणका प्रयासलाई पनि लेखकले छुटाएका छैनन् । यस हिसाबले राज्यले बेलाबखत गर्ने नियन्त्रणका प्रयास बुझ्न पनि यो अध्यायले सहयोग पुऱ्याउँछ ।

'न्यूज मिडियाः पब्लिक स्पेस भर्सेस पार्टीसन फोरम' (न्यूज मिडियाः सार्वजनिक क्षेत्र वा पक्षपाती बहस मञ्च) शीर्षकको तेस्रो अध्यायमा प्राध्यापक खरेलले आफ्नो अनुभव र ज्ञानका आधारमा नेपाली आमसञ्चारमाध्यमहरूको कमजोरीलाई उदांगो पारेका छन् । राजनीतिक दलका मुखपत्र, राज्य नियन्त्रित सञ्चारमाध्यमदेखि आफैँलाई व्यावसायिक भन्न रूचाउने निजी सञ्चारमाध्यमले गरिरहेका अभ्यासमाथि लेखकले प्रश्न उठाएका छन् । ती अभ्यास स्वतन्त्र प्रेसका सिद्धान्तअनुरूप नभएको तर्क गर्दै लेखकले पाँचओटा गम्भीर मुद्दा बहसमा ल्याइदिएका छन् । पहिलो, राजनीतीकरणले नेपाली सञ्चार संस्कृतिलाई प्रभावित पारेको छ (पृष्ठ ६१) । दोस्रो, प्रायजसो नेपाली आमसञ्चारमाध्यम निष्पक्षतामा अडिग रहन सक्दैनन् (पृष्ठ ६३) । तेस्रो, नेपालमा स्वतन्त्र र निष्पक्ष आमसञ्चारमाध्यम विरलै र सन्देहयुक्त कुरा हो (पृष्ठ ६८) । चौथो, आजको नेपालमा दलगत आमसञ्चारमाध्यमहरूको भीड छ (पृष्ठ ७३) । र पाँचौँ, धेरै आमसञ्चारमाध्यम राजनीतिक छन् जो दलीय धारणाका आधारमा कुनै विषय, संस्था, वा व्यक्तिको प्रशंसा अथवा आलोचना गर्छन् (पृष्ठ ७३) ।

आमसञ्चारमाध्यमको कमीकमजोरीलाई प्रस्ट पार्दै लेखकले सञ्चारमाध्यम, सञ्चारकर्मी र सञ्चार हेर्ने निकायमा रहेका राज्यका अधिकारीहरूको कमजोरीलाई खोतलेका छन् । प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघका गतिविधिहरूमा आउने राजनीतिक गन्धमाथि पनि लेखकले प्रहार गरेका छन् । सैद्धान्तिक आधार र नेपाली विज्ञहरूको विचारलाई प्रमाणका रूपमा समेट्दै लेखकले नेपाली पत्रकारिताको अभ्यासमाथि प्रहार गरेका हुन् । सैद्धान्तिक आधार र विज्ञहरूको विचारविना औँला उठाइएका भए ती पूर्वाग्रही हुन्थे । तर, त्यसलाई विश्वसनीय

बनाउन लेखक प्रमाणका साथ प्रस्तुत भएकाले पुस्तकमा लेखकको निजी विचारले भन्दा तथ्यमा आधारित विश्लेषणले स्थान पाएको छ ।

चौथो अध्याय 'प्रोपगान्डा एन्ड म्यानिपुलेसन : ल्यापडग एन्ड वाचडग' (मिथ्या प्रचार र गलत ढंगले प्रभावित गर्ने कार्य : पाल्तु कुकुर र पहरेदार) मा आमसञ्चारमाध्यमबाट प्रकाशित तथा प्रसारित सामग्रीमा हुन सक्ने खेलबाड र राजनीतिक विचारधाराको सन्देशलाई केलाइएको छ । राजनीतिक दल वा नेताहरूले समाचारका सन्देशलाई आफ्नो पक्षमा पार्न गरेका प्रयास र आमसञ्चारमाध्यमहरूले त्यसलाई सहयोग वा आलोचना गर्ने अभ्यासमाथि चर्चा गर्दै लेखकले आमसञ्चारमाध्यमको पहरेदारीको भूमिकामा जोड दिएका छन् । दलहरूले आमसञ्चारमाध्यम चलाएर वा पत्रकारहरूलाई प्रभावमा पारेर कसरी प्रोपगान्डा गर्छन्, समाचारका तथ्य छनौटमा खेल्छन् र एक पक्षीय सामग्री प्रसारित गर्छन् भन्ने उदाहरणसहितको व्याख्याले पुस्तकलाई गहकिलो बनाएको छ ।

आमसञ्चारलाई राज्यको चौथो अंगका रूपमा व्याख्या गरिँदै आएकोमा यसको सैद्धान्तिक पृष्ठभूमि र स्वतन्त्र एवं निष्पक्ष हुनुपर्ने महत्त्वलाई 'द फोर्थ स्टेट : फ्री एन्ड फेयर मिडिया' (चौथो अंग : स्वतन्त्र र निष्पक्ष माध्यम) शीर्षकको पाँचौँ अध्यायमा दर्शाइएको छ । साथै, चौथो अंगका रूपमा निर्वाह गर्नुपर्ने भूमिकामा असर पार्न सक्ने स्वामित्व र पक्षपाती समाचार कक्षबारे पनि यसै अध्यायमा व्याख्या गरिएको छ । समाचार कक्षलाई स्वामित्वभन्दा पनि पत्रकारहरूको विचार, कार्य, राजनीतिक विकास, व्यावसायिकताको अभाव/सीमा र आर्थिक अवस्थाले प्रभाव पार्न सक्ने लेखकको तर्क छ ।

प्राध्यापक खरेलले पुस्तकमा पत्रकार र आमसञ्चारका कमी कमजोरीलाई मात्रै होइन, सञ्चारकर्मीलाई स्वतन्त्रतापूर्वक काम गर्न नदिने अवस्थाका विषयमा पनि उल्लेख गरेका छन् । 'ब्याड बिट्स एन्ड डेड्ली डेटलाइन्स' (खराब समाचार संकलन क्षेत्र र डरलाग्दो समयस्थान) शीर्षकको अध्यायमा पत्रकारहरूको यही अवस्थालाई उजागार गर्दै लेखकले खोज पत्रकारिताका नाममा भएका केही गलत अभ्यासमाथि प्रश्न उठाएका छन् । साथै पत्रकारिताका आधारभूत सिद्धान्तमा अडिग हनुपर्नेमा पनि लेखकले जोड दिएका छन् ।

सभासद् बबन सिंहले सार्वजानिक कार्यक्रममै 'तराईबारे नकारात्मक लेख्ने पत्रकारहरूलाई नछोड्ने' चेतावनी दिएको उदाहरण उल्लेख गर्दै नेताहरूले आमसञ्चारमाध्यम र सञ्चारकर्मीलाई दिने धम्कीका विषय पनि केलाएका छन् ।

राजनीतिक दल, तिनका नेता र कार्यकर्ताले गर्ने आलोचना र दिने धम्कीलाई चिर्न गहन र खोज पत्रकारितालाई प्राथमिकता दिनुपर्ने सुझाव लेखकको छ ।

पत्रपत्रिकामा सम्पादकीय-विचार पृष्ठको छुट्टै महत्त्व हुन्छ । सार्वजनिक बहसका विषयलाई विचार पृष्ठमा स्थान दिएर आमसञ्चारमाध्यमले आमधारणा निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छन् । समाजशास्त्री युर्गेन हबरमासको सार्वजनिक बहसको खुला वृत्त (पब्लिक स्फेयर) सिद्धान्तको मूल मर्मअनुसार विचार पृष्ठहरूले विविध र प्रतिस्पर्धात्मक विचारलाई स्थान दिनुपर्ने हुन्छ । प्राध्यापक खरेलले सातौँ अध्यायमा राजनीतिक सञ्चारमा त्यसो हुन नसकेको जिकिर गरेका छन् । उनी थप्छन्, "नेपाली समाचारपत्रहरू प्रतिस्पर्धात्मक विचारलाई स्थान दिन साह्रै गाह्रो मान्छन् । उनीहरू कुनै एक समूहलाई आक्रमण गर्ने खालको विचार छाप्छन् तर यसको उत्तर खोज्ने र छाप्ने व्यावसायिक कार्य गर्न तत्पर हुँदैनन्" (पृ. १५९) ।

लेखकले आठौँ अध्यायमा नेसनल इन्ट्रेस्ट/प्याट्रियाटिज्म (राष्ट्रिय स्वार्थ/राष्ट्रवाद) मा आमसञ्चार र राष्ट्रवादको अन्तरसम्बन्धबारे चर्चा गरेका छन् । राष्ट्रिय स्वार्थका नाममा आमसञ्चारमाध्यमले पत्रकारिताका सिद्धान्तमा गर्न सक्ने सम्झौता र राष्ट्रवादका नाममा हुन सक्ने गलत अभ्यासबारे उल्लेख गरेका छन् । लेखकले इराक/अफगानिस्तान युद्धका बेला अमेरिकी सेनाले पत्रकारलाई आफ्नो मातहतमा राखेर पत्रकारिता गर्न लगाएको अभ्याससम्मलाई उदाहरण दिएका छन् । साथै, राष्ट्रिय स्वार्थको आडमा गरिने पत्रकारिताबाट बहुलवाद, समावेशिता र अल्पमतमाथि हुन सक्ने अन्यायतर्फ पनि लेखकले सचेत गराएका छन् ।

नवौँ अध्याय 'फ्रीडम भर्सेस रेगुलेसन : सेन्सिटिभिटी एन्ड क्रेडिबिलिटी अफ मिडिया' (स्वतन्त्रताविरुद्ध नियमन : सञ्चारमाध्यमको संवेदनशीलता र विश्वसनीयता) मा अगाडिका केही अध्यायहरूमा जस्तै परस्पर विरोधी पक्षहरूको तुलना गर्दै पुस्तकमा सञ्चार नियमन हुने प्रक्रियाबारे व्याख्या गरिएको छ । सञ्चारमाध्यमको स्वामित्व, सरकारी लगानी, प्रकाशनपूर्व नियन्त्रण (सेन्सरसिप), आचारसंहिता, कानुन, गोपनीयता र चरित्रहत्या जस्ता विषयलाई आधार बनाएर लेखकले सञ्चार स्वतन्त्रता, नियमनको महत्त्व र सीमा तोक्ने विषयको सूक्ष्म विश्लेषण गरेका छन् ।

पुस्तकको दशौँ अध्यायले नेपालमा आमसञ्चार र पत्रकारिता क्षेत्रमा भएका गतिविधिबारे घोत्लिन बाध्य पार्छ । साथै, भविष्यमा अघि बढ्ने बाटो तय गर्न समेत सहयोग गर्न सक्छ । 'मिडिया इन नेपाल' (नेपालमा आमसञ्चारमाध्यम) शीर्षकको अध्यायमा लेखकले नेपालमा आमसञ्चारमाध्यम र प्रेस स्वतन्त्रताको

ऐतिहासिक विकासक्रमलाई व्यवस्थित हिसाबले प्रस्तुत गरेका छन् । नेपाली छापामा छापिएका राजनीतिक विषयवस्तुको विश्लेषण गर्दै लेखकले 'काठमाडौँ र राजनीतिकेन्द्रित सामग्रीको प्रभुत्व रहेको' निचोड निकालेका छन् । उनले सामग्री विश्लेषणका क्रममा १२ ओटा दैनिक र १३ ओटा साप्ताहिक पत्रिकालाई समावेश गरेका छन् । नेपाली पत्रिकाका समाचार काठमाडौँकेन्द्रित र राजनीति हाबी हुने गरेको कुरा सबैले भन्ने वा सुन्ने गरेको भए पनि लेखकले तथ्यांकसहित अध्ययनको निचोड राखिदिँदा वास्तविक स्थिति बुझ्न सजिलो भएको छ । लेखकले दैनिक र साप्ताहिक पत्रिकाको प्रथम पृष्ठमा क्रमशः ७० र ९० प्रतिशत जति समाचार राजनीतिक विषयवस्तुबारे नै छापिने गरेको तथ्यांक प्रस्तुत गरेका छन् । यस्तै, मुख्य समाचारको विषयवस्तु दैनिकमा ९२ प्रतिशत र साप्ताहिकमा ९० प्रतिशत राजनीतिसम्बन्धी नै हुने गरेको पनि उनको अध्ययनले पुष्टि गरेको छ । नेपाली पत्रपत्रिकाको यो अध्ययनपछि लेखकले चौथो अध्यायमा नेपाली मिडियाप्रति लेखेको यो विचार पनि अनौठो लाग्दैन :

> धेरै आमसञ्चारमाध्यम हुनुले मात्रै असल माध्यमको सुनिश्चितता गर्दैन, छिटो माध्यमको अर्थ आफैँमा राम्रो सामग्री भन्ने हुँदैन । आमसञ्चारमाध्यमका सबै राम्रा गुण त्यसबेला मात्र अगाडि आउँछ जतिबेला धेरै माध्यमले विषयको बहुलवाद र विविधतालाई छिटो सम्प्रेषण गर्छन् (पृ. ११०) ।

पुस्तकका अन्तिम दुई अध्यायबाट भने एक्काइसौँ शताब्दीमा आमसञ्चारमाध्यमको भूमिका र चुनौतीका साथै राजनीतिक व्यवस्था, आर्थिक विकास र राष्ट्र विकासमा मिडियाको महत्त्वपूर्ण भूमिका रहने निष्कर्ष निकालिएको छ । साथै, नेपाली मिडियाले विश्व परिवेशको बदलिँदो स्थितिलाई आत्मसात् गर्न सक्नुपर्ने सुझाव पनि लेखकको छ । इन्टरनेटको विकासले मिडियामा पारेको प्रभाव र त्यसले ल्याउने सकारात्मक परिवर्तनबारे लेखक स्पष्ट छन् । पारदर्शिता नै तथ्यको महत्त्वपूर्ण कडी रहेको औँल्याउदै लेखकले सञ्चारमैत्री व्यवस्था र सञ्चारको सकारात्मक भूमिकाप्रति जोड दिएका छन् ।

प्राध्यापक खरेलले पुस्तकको भूमिकामा पहिलो खेस्रा तयार पार्न २० वर्षसम्म पत्रपत्रिकामा आएका समाचारलाई काटेर राखिएको चाङ र अन्य सामग्री प्रयोग गरिएको बताएका छन्, जसको झझल्को पुस्तकमा बारम्बार पाउन सकिन्छ । तर, यसअघि यही विषयमा लेखिएका लेख तथा अध्ययनलाई भने लेखकले वास्ता गरेका छैनन् । एक हिसाबले भन्ने हो भने यसअघिका अध्ययनलाई

लेखकले आफनो पुस्तकमा उल्लेख नगरेर उपेक्षा गरेका छन्, जुन पुस्तकको कमजोरी हो । एकतिर उनी आफैँले गरेको सामग्री विश्लेषण अनुसन्धानका आधारमा साप्ताहिक पत्रिका विश्वसनीय नभएको उल्लेख गरेका छन् भने अर्कोतिर तिनै साप्ताहिक पत्रिकाहरूमा प्रकाशित समाचार र विचारलाई उद्धृत गर्दै आफनो विचार पुष्टि गर्ने प्रयास गरेका छन् । यो विरोधाभास पनि पुस्तकको अर्को कमजोर पक्ष हो । पुस्तकमा प्रयोग गरिएका धेरै उद्धरणले पुस्तकलाई बोझिलो मात्रै बनाएको छैन, कतिपय प्रसंगमा लेखकको वास्तविक विचार बुझ्न नै कठिन बनाएको छ ।

पत्रकारिता र त्यसमार्फत उठाइने मुद्दामा खरो रूपमा प्रस्तुत हुने प्राध्यापक खरेल कतिपय विषयमा मौन रहेको चाहिँ त्यति सुहाएको छैन । जस्तो शाही सरकारका बेला सञ्चार गृहमा सेना पठाएर समाचार सामग्रीमा गरिएको नियन्त्रण र त्यसपछि स्वतन्त्र प्रेसमाथि प्रहार गर्ने गरी ल्याइएको कानुनप्रति लेखक मौन छन् । पुस्तकमा यी विषय पनि थप गरेको भए हुने थियो । यद्यपि पुस्तकको बलियो पक्ष भनेको सैद्धान्तिक खाकाभित्र उदाहरणसहित राखिएका विश्लेषण र विचार नै हो ।

सञ्चार, आमसञ्चार र पत्रकारिताका विज्ञ खरेलले नेपाली मिडियालाई गरेको चिरफार सह्रानीय छ । प्राध्यापक खरेलको यो कृति सञ्चार, आमसञ्चार र पत्रकारितामा थोरै मात्र रुचि राख्नेले समेत पढ्न आवश्यक छ । सञ्चारकर्मी, पत्रकार, अनुसन्धाता, सञ्चारविज्ञ, राजनीतिक दलका नेता तथा कार्यकर्ता र राजनीति गर्न चाहनेका लागि यो उपयोगी छ ।

**उज्ज्वल आचार्य**
अध्यक्ष, मिडिया अनुसन्धान केन्द्र नेपाल